# मदाने गाउँपालिका

## गुल्मी जिल्ला, प्रदेश नं. ५, नेपाल

# मदाने राजपत्र

| वर्ष : १ | अंक : २ |
| --- | --- |

## भाग : २

गाउँकार्यपालिकाबाट मिति २०७४।११।०२ मा **गाइ भैसी तथा बाख्रा विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४** बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

# गाइ भैसी तथा बाख्रा विकास कार्यक्रम कार्यान्वयन कार्यविधि

# २०७४

आज्ञाले
सुरेश भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

| कार्यविधि संख्या :- | २ |
|---|---|

# गाइ भैसी तथा बाख्रा विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४

| सभाबाट स्वीकृत मिति :- | २०७४।११।०२ |
|---|---|

# मदाने गाउँपालिका

## पुर्कोटदह, गुल्मी

## प्रदेश नं. ५, नेपाल

# गाइ भैसी तथा बाख्रा विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४

## १. पृष्ठभूमीः

कुल ग्राहस्थ उत्पादनमा पशुपालन क्षेत्रको ११ प्रतिशत योगदानलाई अझ वृद्धि गर्दै लैजान पशु उत्पादन क्षेत्रलाई निर्वाहमुखीवाट व्यवसायीकरणमा परिणत गर्ने र तीव्रतर लगानि विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ। यहि तथ्यलाइ आधारमानी यस गाउँपालिकाले **गाइ भैसी तथा बाख्रा विकास कार्यक्रम** विभिन्न पकेट निर्माण गरि समुह मार्फत कार्यक्रम गर्ने भनि कार्यक्रम तर्जुमा गरेको छ । कार्यक्रमलाइ थप प्रभावकारी र पारदर्शी वनाउन मदाने गाउँपालिकाले यो कार्यविधि, २०७४ जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

- ✓ यो कार्यविधिको नाम "गाइ भैसी तथा बाख्रा विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, ०७४" रहेको छ
- ✓ यो कार्यविधि मदाने गाउँपालिका गाउँ कार्यपालिकावाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

यो कार्यविधि स्वीकृत हुनु भन्दा पहिला सम्पादित कार्य यसै कार्यविधि बमोजिम सम्पादन भएको मानिने छ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि प्रयोजनका लागि

क। “गाउँपालिका ”भन्नाले पशु मदाने गाउँपालिका संम्झनुपर्छ ।

ख। “शाखा ”भन्नाले पशु सेवा शाखा संम्झनुपर्छ ।

ग। “ कार्यालय ”भन्नाले मदाने गाउँपालिकको कार्यालयलाई संम्झनुपर्दछ ।

घ। “कार्यक्रम ”भन्नाले यस कार्यविधिको अधिनमा रही गाइ भैसी तथा बाख्रा विकास कार्यक्रम २०७४ लाई संम्झनुपर्छ ।

**३. उद्देश्यः**

- ✓ गाउपालिकालाई दुध र मासुमा आत्म निर्भर गराउन सहयोग पुर्याउने।
- ✓ पशु पालन बाट दिनचर्या चलाउने कृषकलाई जीवन निर्भाह गरि व्यवसायीक बन्न सहयोग पुग्नु।
- ✓ स्वीकृत कार्यक्रमलाई प्रभावकारी र सरल तरिकाले कार्यान्वयन गर्न।
- ✓ नेपाल सरकार पशुपन्छी विकास मन्त्रालयको प्रतिबद्धता पुरा गर्न।

**४. कार्यक्रम संचालन प्रक्रिया**

- ४.१ कार्यक्रम समन्धित शाखाले गर्नेछ ।
- ४.२ कार्यक्रम तथा बजेटको अख्तियारी प्राप्त गरेपछि सम्बन्धित शाखाले प्रतेक वडाहरुमा आवश्यकताका आधारमा समूह गठन गर्नेछ ।

- ४.३ गठित समुहलाइ गाउपालिकामा दर्ता गरि अभिलेख राखी प्रमाण पत्र दिईने छ र समुहलाई बैंकमा खाता संचालन गर्न लगाइने छ ।
- ४.४ गठन हुने समुह २० जना सदश्य को हुने छ । खोर तथा भकारो सुधारको लागि समुहका प्रति सदश्य लाई रु ५००० का दरले एकमुष्ट रकम रु १ लाख समुहको बैंकमा खातामा काम सम्पन्न भईसकेपछि जम्मा गरिने छ । समुहले अनुदान रकम ५० प्रतिशत पाउने भएकोले समुहले बिल भर्पाइ रु २ लाख बराबर (प्रति सदश्य रु १००००) को बनाउनु पर्ने छ । ४.५ समुहका सदश्यले पालेका पशुहरुलाई शाखाले दुध उत्पादन बढाउन सहयेग पुग्ने मिनरल खनिज तथा आन्तरिक र वाह्य परजीवी नियन्त्रणको लागि औषधि वितरण गर्ने छ ।
- ४.६ समुहका सदस्यले पालेका पशुहरुलाई शाखाले विभिन्न रोग विरुद्ध खोप लगाउने छ ।
- ४.७ पशु वस्तुलाई आवश्यक पोषिला घाँसका विरुवा तथा विउ शाखाले वितरण गर्ने छ ।

- ४.८ समुहका सदश्यहरुलाई क्षमता अभिबृद्धि गर्न १ दिने स्थलगत तालिम दिईने छ ।
- ४.९ बाख्रापालन समुहलाई प्रजनन को लागि बोका खरिद गर्न रु २०००० बैंक खातामा रकम जम्मा गरिने छ ।
- ४.९ सम्पूर्ण खर्च गाउँसभा वाट स्वीकृत बजेट अनुसार हुने छ ।
- ४.१० गठित समुहहरूसंग अनुसुचि १ र अनुसुचि २ अनुसार सम्झोता गरि काम गरीने छ ।

**५. स्थान छनोट :**

कार्यक्रम गर्ने स्थान समन्धित वडाको मागका आधारमा मूल कृषक समूह र स्थानीय जनप्रतिनिधि संगको सल्लाहमा तय गरिने छ ।

**६. आर्थिक प्रशासन :**

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक

खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

**१०. अनुगमन तथा मूल्याङ्कन :**

कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित गाउँपालिका तथा शाखाबाट गरिने छ । अनुगमन प्रतिवेदन शाखाले गाउँपालिकामा बुझाउनु पर्ने छ ।

**११. थपघट वा हेरफेर गर्न सक्ने :**

क( यो कार्याविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन गाउ कार्यपालिकाले आवश्यकता अनुसार थपघट , हेरफेर तथा खारेज गर्न सक्नेछ ।

ख( यस कार्याविधिको कार्यान्वयमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउ कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

# अनुसुचि १

## श्री........................................................पशु पालन समुह गुल्मी र मदाने गाउँपालिका गुल्मी विच गाई भैसि तथा डेरी विकास कार्यक्रम संचालन गर्ने सम्बन्धी सम्झौता पत्र

मदाने गाउँपालिका गुल्मीको आ.व ०७४/०७५ को स्वीकृत कार्यक्रम अनुसार पशु सेवा प्रसार कार्यक्रम तर्फ **गाई भैसि तथा डेरी** विकास कार्यक्रम संचालनको लागि **श्री** ................................................**पशुपालन समुह** (यस पछि पहिलो पक्ष भनिने) र मदाने गाउँपालिका गुल्मी (यसपछि दोस्रो पक्ष भनिने) विच तपशिलका शर्तहरु पालन गर्ने गरी सम्झौता गरी लियौ दियौ ।

तपसिल :

- प्रथम पक्षले कार्यक्रम पशुपालन समुहका सवै सदस्य विच समन्वय राखि संचालन गर्ने छौ ।
- कार्यक्रम संचालनको लागि दोस्रो पक्षले **गाई भैसि**को खोर सुधार बापत रु १,००,००० (अक्षरुपी रु एक लाख) प्रथम पक्षले खोलेको बैंक खातामा रकम जम्मा गर्ने छ ।
- दोस्रो पक्षवाट प्राप्त वस्तुगत तथा रकमगत कोष अनुदान रकम उद्धेश्य अनुरुप पशु सेवा शाखा र गाउँपालिका को सल्लाह अनुसार मात्र परिचालन गर्नेछौ ।
- भकारो निर्माणको लागि प्राप्त अनुदान रकममा सहकार्य गरी सोहि रकम बराबर लगानी गरी सदस्यले भकारो सुधार कार्य गर्नेछौ ।
- समुहमा संचालन भएका पशु सेवा कार्यक्रमहरुको पूर्ण जिम्मेवारीका साथ त्यसको कार्यान्वयन गरी प्रत्येक ४ महिनामा पशु सेवा शाखा मा प्रतिबेदन बुझाउनेछौ ।
- प्राप्त बस्तुगत तथा रकमगत कोष अनुदान रकमको कुनै हिनामिना गर्ने छैनौ । गरेमा कानुन बमोजिम सजाय भोग्ने तयार छौ । समस्या आएमा गाउँपालिका मा जानकारी गराउनेछौ ।
- पशु बिकास तथा पशु स्वास्थ्य कार्यक्रम सम्बन्धित पशु सेवा केन्द्रको,मदाने गाउँपालिका पशु सेवा शाखाको प्रत्यक्ष रेखदेखमा संचालन गर्नेछौ ।

- समुहमा संचालन भएको **गाई भैसि तथा डेरी विकास** सम्वन्धि कार्यक्रमको गतिविधि बारे नियमित रुपले प्रत्येक महिनामा पशु सेवा शाखामा मा प्रतिवेदन पठाउनेछौ ।
- भकारो स्थानीय सामग्रीको प्रयोग गरी आफै निर्माण गर्नेछौ भकारो निर्माण गर्दा खर्च भएको बिलभरपाइ २ महिना भित्र कार्यालयमा पेश गर्नेछौ ।
- पशु आहाराको लागि दोस्रो पक्षबाट बिउ तथा विरुवाहरु सबै सदस्यले आफ्नो बारी तथा कान्लामा लगाइ घाँस खेती गर्ने छौ ।
- कोषमा प्राप्त रकम सहि काममा मात्र प्रयोग गर्ने छौ र दोस्रो पक्षबाट प्राप्त अनुदान सहयोग देखिने गरी साइनबोर्ड राख्ने छौ ।
- कुनै बिबाद आएमा आपसी समझदारीमा बिबाद सुल्झाउने छौ ।

| **प्रथम पक्षबाट** | **दोस्रो पक्षबाट** |
|---|---|
| समितिको नाम : | नाम : |
| अध्यक्षको नाम : | सहि : |
| ठेगाना : | पद : |
| समुहको छाप : : | कार्यालयको छाप |

**पशु सेवा शाखाको तर्फबाट**

सहि :

नाम :

पद :

# अनुसुचि २

**श्री.........................................................बाखापालन समुह गुल्मी र मदाने गाउँपालिका गुल्मी विच बाखा विकास कार्यक्रम संचालन गर्ने सम्बन्धी सम्झौता पत्र**

मदाने गाउँपालिका गुल्मीको आ.व ०७४/०७५ को स्वीकृत कार्यक्रम अनुसार पशु सेवा प्रसार कार्यक्रम तर्फ बाखा विकास कार्यक्रम संचालनको लागि **श्री .........................................बाखापालन समुह** (यस पछि पहिलो पक्ष भनिने) र मदाने गाउँपालिका गुल्मी (यसपछि दोस्रो पक्ष भनिने) विच तपशिलका शर्तहरु पालन गर्ने गरी सम्झौता गरी लियौ दियौ ।

- प्रथम पक्षले कार्यक्रम बाखा पालन समुहका सवै सदस्य विच समन्वय राखि संचालन गर्ने छौ ।
- कार्यक्रम संचालनको लागि दोस्रो पक्षले बाखाको खोर सुधार बापत रु १,००,००० (अक्षरुपी रु एक लाख) र बोका खरिदको लागि रु २०,००० (अक्षरुपी बीस हजार) प्रथम पक्षले खोलेको बैंक खातामा रकम जम्मा गर्ने छ ।
- दोस्रो पक्षवाट प्राप्त वस्तुगत तथा रकमगत कोष अनुदान रकम उद्धेश्य अनुरुप पशु सेवा शाखा र गाउँपालिका को सल्लाह अनुसार मात्र परिचालन गर्नेछौ ।
- खोर निर्माण तथा बोका खरिदको लागि प्राप्त अनुदान रकममा सहकार्य गरी सोहि रकम बराबर लगानी गरी सदस्यले खोर सुधार रकम बोका खरिद कार्य गर्नेछौ ।
- समुहमा संचालन भएका पशु सेवा कार्यक्रमहरुको पूर्ण जिम्मेवारीका साथ त्यसको कार्यान्वयन गरी प्रत्येक ४ महिनामा पशु सेवा शाखा मा प्रतिबेदन बुझाउनेछौ ।
- प्राप्त बस्तुगत तथा रकमगत कोष अनुदान रकमको कुनै हिनामिना गर्ने छैनौ । गरेमा कानुन बमोजिम सजाय भोग्ने तयार छौ । समस्या आएमा गाउँपालिका मा जानकारी गराउनेछौ ।
- पशु बिकास तथा पशु स्वास्थ्य कार्यक्रम सम्बन्धित पशु सेवा केन्द्रको,मदाने गाउँपालिका पशु सेवा शाखाको प्रत्यक्ष रेखदेखमा संचालन गर्नेछौ ।

- समुहमा संचालन भएको बाखा विकास सम्वन्धि कार्यक्रमको गतिविधि बारे नियमित रुपले प्रत्येक महिनामा पशु सेवा शाखामा मा प्रतिवेदन पठाउनेछौं ।
- प्रत्येक १.५ बर्षमा हाम्रो प्रजनन्युक्त बोकाहरु नाता नपर्ने अर्को समुहमा साटासाट गर्ने छौ वा नयाँ खरिद गर्नेछौ ।
- बाखा को खोर स्थानीय सामग्रीको प्रयोग गरी आफै निर्माण गर्नेछौ खोर निर्माण र बोका खरिदको खर्च भएको बिलभरपाइ २ महिना भित्र कार्यालयमा पेश गर्नेछौ ।
- पशु आहाराको लागि दोस्रो पक्षबाट बिउ तथा विरुवाहरु सबै सदस्यले आफनो बारी तथा काल्नामा लगाइ घाँस खेती गर्ने छौ ।
- कोषमा प्राप्त रकम सहि काममा मात्र प्रयोग गर्ने छौ र दोस्रो पक्षबाट प्राप्त अनुदान सहयोग देखिने गरी साइनबोर्ड राख्ने छौ ।
- कुनै बिबाद आएमा आपसी समझदारीमा बिबाद सुल्झाउने छौ ।

| **प्रथम पक्षबाट** | **दोस्रो पक्षबाट** |
|---|---|
| समितिको नाम : | नाम : |
| अध्यक्षको नाम : | सहि : |
| ठेगाना : | पद : |
| समुहको छाप : | कार्यालयको छाप : |

**पशु सेवा शाखाको तर्फबाट**

सहि :

नाम :

पद :

शाखाको छाप :